# गाउँपालिका उपाध्यक्ष श्री यमूना थापामगरज्यूले नवौं गाउँसभामा प्रस्तुत गर्नुभएको

## आ.ब. २०७८/०७९ को

## बजेट तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका
कमिरेचौर, दाङ
०९ असार २०७८

**सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभाको नवौं अधिवेशनमा गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यस गौरबपूर्ण क्षणमा म संघीय लोकतान्त्रिक गणतन्त्रका लागि भएको जनयुद्ध, राजनीतिक सङ्घर्ष र आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु। साथै हाल कोभिड-१९ माहामारीबाट देश विदेशमा मृत्यु हुने बंगलाचुली बासी तथा नेपाली दाजुभाई दिदिबिहिनीहरुमा हार्दिक श्रद्धान्जली तथा सङ्क्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संविधान कार्यान्वयनको छोटो अवधिमा संघियताको महत्त्वपूर्ण आधारका रुपमा रहेको यस गाउँपालिकाको आधारशिला तयार भएको छ । विकास र सुशासनको स्पष्ट दृष्टिकोण, स्थानीय कानुनको निर्माण, गाउँपालिकाको गुरुयोजना तथा योजना तर्जुमा, जनशक्ती व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले विभिन्न प्रतिकुलताका बीचमा पनि कार्यान्वयनको प्रयासमा हामीलाई अनुकुलता तर्फ अघि बढ्ने आधार प्रदान गरेको छ । सबैको साझा प्रयासबाट नै छोटो समयमा गाउँपालिकाले महत्त्वपूर्ण उपलब्धी प्राप्त गरेको छ । यसबाट हामी सबैलाई शहिदको सपना पुरा गर्ने तर्फ थप प्रेरणा मिल्ने छ।

**अध्यक्ष महोदय,**

सांस्कृतिक एवं भौगोलिक बिबिधता जस्ता संम्भावनाहरू रहेको भए पनि उद्योग, व्यापार, कृषी र पर्यटनमा आशा गरे अनुसार नहुनु, आधुनिक व्यावसायिक कृषि प्रणाली तर्फ  अग्रसर नहुनु, आन्तरिक राजश्वमा पुरा सम्भावनाको उपयोग हुन नसकी  परनिर्भरता बृद्धि हुन पुगेको छ । विकास कार्यक्रममा अर्थपूर्ण जनसहभागिता  घट्न गई अपेक्षा अनुसारको उपलब्धी प्राप्त गर्न धेरै लामो यात्रा बाँकी छ ।

लोकतन्त्रको उच्चतम अभ्यास र लाभ नजिकको सरकारबाट जनता समक्ष पुऱ्याउन स्थानीय सरकारको रूपमा गाउंपालिकालाई संचालन गर्न नेपालको संबिधानको भाग १७ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम समाबेशी विकासको सम्बोधनका लागि उपलब्ध साधन र मागको तालमेल हुन नसक्दा मानव विकासमा

लक्षित उपलब्धी प्राप्त हुन नसकेता पनि सामाजिक परिचालनमा निर्वाचित जनप्रतिनीधिहरूको उपस्थिति र चार वर्षको प्राप्त अनुभवले सबै पक्षको परिचालनबाट योजना तर्जुमा तथा कार्यान्वियन प्रभावकारी हुन गई अपेक्षित उपलब्धीमा बृद्धि हुने बिश्वास लिएको छु ।

**अध्यक्ष महोदय,**

**अब म आ.ब. २०७७/०७८ को संक्षिप्त समिक्षा प्रस्तुत गर्न गइरहेको छु ।**

आ.व. २०७७/०७८ को हालसम्म गाउँपालिकाको कुल विनियोजित बजेट रू. ६० करोड ०२ लाख मध्ये ५४ करोड १ लाख (९०%) खर्च भएको छ । जस मध्ये पुँजीगत तर्फ रू. २५ करोड ३२ लाख (८८%) र चालु तर्फ रू.२८ करोड ६९ लाख ( ९२%) खर्च भएको छ । उल्लेखित खर्चबाट सामाजिक सुरक्षा, सेवाहरूको व्यवस्थापन, सेवा प्रवाहमा टेवा पुग्नुको साथै १५ शैया अस्पतालको मूख्य भवन सम्पन्न, प्रशासकीय भवन तथा वडा कार्यालयको भवन सम्पन्न, आधारभुत स्वास्थ्य केन्द्रहरू सम्पन्न, स्वास्थ्य सेवाहरूको व्यवस्थापन, शिक्षण सिकाई सहजीकरण, १००० घरहरू खरको छानो मुक्त भएको, ठुलोखोला लगायतका खानेपानी आयोजनाहरूको निर्माण, सडक संजालको विस्तार, योजना, गुरूयोजना तथा डि.पि.आर. निर्माण, उपकरणको व्यवस्था, स्वास्थ्यकर्मी तथा शिक्षकहरूको व्यवस्था, लक्षित समुदायको नेतृत्व विकास, आय तथा सिप वृद्धि लगायत देखिनेगरी भौतिक तथा सामाजिक उपलब्धीहरू हासिल भएका छन् । कोरोना माहामारीको निरन्तर सन्त्रास, जनशक्तीको क्षमता विकास गर्न नसकिनु, निकायगत समन्वयको अभाव हुनु, जनप्रतिनिधी कर्मचारीहरूमा नौलो अभ्यास तथा सबै जनमानसमा नयाँ परिपाटीको अभ्यासमा जान अझै समय लाग्ने भएतापनि पुँजीगत खर्च तर्फ उल्लेख्य प्रगती भएको छ । अपेक्षित गुणस्तर कायम गर्नु आजको चुनौतीको रूपमा रहेको छ ।

**अध्यक्ष महोदय,**

म आर्थिक बर्ष २०७७/०७८ मा विभिन्न सरोकारवालाहरू पक्षहरूबाट प्राप्त रायसुझाब, वडाहरूबाट प्राप्त माग, उल्लिखित समिक्षा र आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमका आधारमा बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत गर्न गईरहेको छु।

## बजेटका उद्देश्यहरू :-

- ❖ संविधान वमोजिम स्थानीय तहलाई सरकारको रूपमा स्थापित गर्नु,
- ❖ शिक्षा, स्वास्थ्य तथा कोभिड-१९ लगायत सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्नु,
- ❖ सुरक्षित आवास सहित विपद् व्यवस्थापन तथा मानब अधिकारको रक्षा गर्नु,
- ❖ कृषिमा व्यवसायिकरण तथा आधुनिकिकरण गरी रोजगारीको सृजनामार्फत उद्यमशिलता र आत्मनिर्भरताको विकास गर्नु,
- ❖ पूर्वाधारहरूको विकास र विस्तार गर्दै गुणस्तरीयता कायम गर्नु,
- ❖ समावेशी विकासको अवधारणा मार्फत सामाजिक रूपान्तरण र समृद्धि कायम गर्नु ।

## बजेटका प्राथमिकताहरू :-

- ➢ शिक्षा
- ➢ लैङ्गिक समानता तथा सामाजिक सशक्तिकरण
- ➢ स्वास्थ्य
- ➢ पूर्वाधार
- ➢ आर्थिक विकास
- ➢ वातावरण तथा विपद् व्यवस्थापन

## अध्यक्ष महोदय,

उल्लेखित उद्देश्य तथा प्राथमिकताका आधारमा यस बंगलाचुली गाउँपालिकाको आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**"संमृद्ध बंगलाचुलीः सुखी बंगलाचुलीबासी"**

विकासको साधन र साध्य मानिस हो । बंगलाचुली बासीको सर्वाङ्गिण विकासका लागि शिक्षामा रू. २१ करोड ८२ लाख (३५ प्रतिशत) र स्वास्थ्यमा रू. १० करोड १७ लाख (१६ प्रतिशत) गरी जम्मा रू. ३२ करोड २ लाख कूल बजेटको ५१ प्रतिशत विनियोजन गरेको छु ।

आधारभुत स्वास्थ्य सेवाको पहुँचलाई सरल, सहज र प्रभाकारी तुल्याउन संघीय सरकारको साझेदारीमा गत आ.ब. देखी निर्माण भईरहेको १५ शैया बंगलाचुली आधारभुत अस्पताल कमिरेचौर, दाङको मूख्य अस्पताल भवनमा लिफ्ट, र्याम्प, व्यवस्थित अस्पतालका लागि चाहिने सम्पूर्ण पूर्वाधार निर्माण, फार्मेसी संचालन तथा व्यवस्थापनका लागि रू. ५ करोड ५० लाख विनियोजन गरी गाउँपालिकाको **गौरबको आयोजना**को रूपमा अगाडी बढाउदै चिकित्सक सहितको सेवाको लागि आवश्यक रकमको विनियोजन गरेको छु ।

महिलाहरूको सुत्केरी अवस्थामा हुने पोषण अभावलाई टेवा पर्‍याउन **"स्वस्थ आमा र निरोगी बच्चा"** सहितको वालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गर्दै संचालनमा रहेको उपाध्यक्ष प्रसुती पोषण कार्यक्रमलाई परमार्जन गरी **"उपाध्यक्ष सुनौला हजार दिन कार्यक्रम"** का लागि रकम वृद्धि गरी आवश्यक रकम विनियोजन गरेको छु । स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न तथा सर्वसुलभ स्वास्थ्य सेवा प्राप्तिको हकलाई सुनिश्चित गर्न यस गाउँपालिकामा संचालित नागरिक स्वास्थ्य विमा कार्यक्रम राष्ट्रिय अभियानलाई आवश्यक सहजीकरण गर्न व्यवस्था मिलाएको छु। हाँसिपुर आयुर्वेद औषधालयको भवन निर्माणको लागि रू २० लाख सहीत आयुर्वेद तर्फ रू. ५७ लाख विनियोजन गरेको छु ।

स्वास्थ्य प्रबर्द्धन कार्यक्रमका स्वास्थ्यकर्मीको परिचालनमा थप प्रभावकारिता ल्याउन पारीश्रमिकमा समयानुकुल परिमार्जन गरी बृद्धी गर्न आवश्यक बजेट विनियोजन गरेको छु । महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै मासिक रू ५०० वृद्धि गरी

मासिक रू १५०० पुर्‍याएको छु । ८ वटै स्वास्थ्य संस्थाहरूमा प्रसुती सेवा संचालन पूर्वाधार निमाणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

प्राविधिक शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन सुधा मा.वि. भ्केल्नेटाको ल्याब व्यवस्थापन, प्राविधिक धार विद्यालय भवन निर्माण तथा मर्जर भएको निजी विद्यालयको सम्पती अधिकरणका लागि समेत समग्र विकास गर्न २ करोड १९ लाख बजेट विनियोजन गरेको छु .। महेन्द्र नमूना मा.वि, श्रीवारीलाई नमूना विद्यालयको रूपमा विकास गर्न रू १ करोड ५० लाख विनियोजन गरेको छु।

सबै माध्यमिक विद्यालयमा छात्रावासको अवधारणा, विद्यालयको सहज पहुँचको लागि पुराना सबै मा.बि. हरूमा १० जोड २ संचालन, सबै विद्यालयबाट टिनको छानो विस्थापन अभियान, प्रविधिमैत्री विद्यालय, र विषयगत शिक्षक अभावको अन्त्य गर्नको लागि बंगलाचुली **शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत ७ करोड ६९ सत्तरी लाख विनियोजन गरेको छु .।

यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा कार्यरत वालविकास सहायक कार्यकर्ताको तलबलाई समयानुकुल बनाउन संघिय सरकारले प्रदान गर्ने मासिक रू. ८००० मा रू ७००० थप गरी रू १५००० पुर्‍याएको छु । सबै विद्यालय कर्मचारीको तलबमा मासिक रू ७००० थप गरेको छु । सबै शिक्षक तथा कर्मचारीको लागि निजामती तथा अन्य कर्मचारी सरह ७ दिनको तलबी पर्यटन काजको व्यवस्था गरेको छु ।

## सुरक्षित घरः सबैको रहर

सामाजिक समावेशिकरणलाई प्रबर्द्धन गर्दै सुरक्षित आवासको अधिकारको मौलिक हक सुनिश्चित गर्न संघ तथा प्रदेश सरकारको सहकार्यमा गत विगत आ.ब. देखि नै संचालनमा आएको **"खरको छानो मुक्त अभियान"** लाई निरन्तरता दिदै आ.ब. २०७८/०७९ मा सबै घरधुरी खरको छानो मुक्त तुल्याउन  गाउँपालिकाभित्र थप १५०० भन्दा बढी घरधुरीको लागि रु. ७ करोड ६४ लाख बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

बालमैत्री स्थानीय शासन, महिला उत्थान कार्यक्रम, लक्षित समुदाय कार्यक्रम, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षाका लागि रु ८ करोड २ लाख २२ हजार विनियोजन गरेको छु ।

गणतन्त्र प्राप्तिका लागि गर्नुभएको योगदानको सम्मान तथा सम्झना गर्दै शहिद परिवार, घाइते, अपाङ्ग सहयोग कार्यक्रम तथा रु ५०० मासिक वृत्ति पाउने गरी शहिद, घाइते तथा बेपत्ता परिवार सम्मानका लागि समेत रु १६ लाख विनियोजन गरेको छु ।

गत विगत देखि **स्वास्थ्यका लागि खेलकुदः राष्ट्रका लागि खेलकुद** अवधारणामा संचालन हुँदै आएको अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिदै युवाहरुका लागि लोकसेवा आयोग तयारी कक्षा संचालन तथा गाउँपालिका क्षेत्रभित्रका शहिद परिवार, विपन्न, दलित, जनजातीका जेहेन्दार विद्यार्थिको लागि प्राविधिक विषय डाक्टर तथा ईन्जिनियर अध्ययन छात्रवृत्तिका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

समावेशि विकासका लागि समाजमा रहेका सबै पक्षको समता र समानता मार्फत समृद्ध समाज निर्माणका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ रु १३ करोड १६ लाख २२ हजार विनियोजन गरेको छु ।

## गाउँगाउँमा कृषि सेवाः आर्थिक विकासमा टेवा

९५% कृषक भएको यस गाउँपालिकाको भौगोलिक विविधताको उपयोग गर्दै कृषि तथा पशुपालनलाई आधुनिकिकरण र व्यावसायिककरण गर्न **एक वडा एक कृषि प्राविधिक कार्यक्रम**का लागि आवश्यक रकम विनियोजन गरेको छु ।यसबाट किसानले वडा तहबाट नै सेवा प्राप्त गरी वाली तथा पशु उपचार, उन्नत पशु तथा कृषि बाली सम्बन्धी परामर्श र बजार व्यवस्थाका लागि सहजिकरण हुन गई खाद्य सुरक्षा तथा निकासीमा वृद्धि हुने विश्वास लिएको छु ।

अध्यक्ष युवा कृषि रोजगार कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक रकम विनियोजन गरेको छु । बहुक्षेत्रीय पोषण कार्यक्रमलाई कृषि प्रणालिसँग आवद्ध गर्न आवश्यक रकम विनियोजन गरेको छु। कृषि तथा पशुपालनका पकेट क्षेत्र विकास एवं विस्तार, भेटनरी ल्याब संचालन तथा व्यवस्थापन र साना किसान सहयोग कार्यक्रम परिचालन गर्न प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजनाका लागि रु. ४६ लाख विनियोजन गरेको छु ।

स्थानीय कृषि उद्यमशिलताको विकासका लागि **सिप सँगै सहयोग**का लागि लघुउद्यम विकास कार्यक्रम तर्फ रु. २७ लाख विनियोजन गरेको छु। **एक स्थानीय तह, एक उत्पादन, अर्गानिक कृषि उत्पादन, श्रममा आधारित युवा रोजगारि सृजना**का लागि युवा रोजगारिका लागि

रुपान्तरण पहल परियोजना, मुख्यमन्त्रि ग्रामिण विकास तथा रोजगार कार्यक्रम, प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि रु. १ करोड ४५ लाख विनियोजन गरेको छु ।

**एक स्थानीय तह एक उद्योग ग्राम** स्थापनाका लागि अध्ययन तथा डि.पि.आर. गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

आर्थिक विकास तर्फ जम्मा रु २ करोड ८६ लाख ४४ हजार विनियोजन गरेको छु।

## दिगो विकास र संमृद्धिको आधार : पूर्वाधार

**"सुरक्षित सडक र पानी, सुधारौ आनीबानी"** भन्ने मूल नारालाई साकार पार्न आगामी २ वर्ष भित्र आधारभूत खानेपानीको पहुँच सबै घरधुरीसम्म पुर्‍याउने लक्ष्य सहित निकै लामो समय देखी पानीको अभावबाट आक्रान्त गाउँपालिका विभिन्न वस्तीहरूको लागि संघ तथा प्रदेश सरकारको लगानी तथा सहकार्यमा पुरा गर्ने तथा सरसफाई अभियानलाई सफल पार्न समपुरण तथा योजना लागि आवश्यक रकम विनियोजन गरेको छु ।

नयाँ खुलेका सडकहरूको स्तरोन्नतीको लागि पर्यावरणमैत्री सडक तथा पुर्वाधार निर्माण योजनाको लागि रू. १ करोड ३९ लाख ५० हजार विनियोजन गरेको छु ।

स्वामीघाट–लामीदेवाली सिचाँई आयोजना तथा कब्जा–ज्यामिरे–मुलाबारी–रातामाटा सिचाई आयोजना क्रमागत रूपमा अगाडी बढाउन तथा सिचाई प्रणालीलाई थप व्यवस्थित गर्न रू ६२ लाख विनियोजन गरेको छु ।

भौतिक पूर्वाधार तर्फ जम्मा रू. ३ करोड ७३ लाख विनियोजन गरेको छु ।

## हरियाली वन, स्वच्छ वातावरणः विपद संवेदनशिल व्यवस्थापन

"चिसो हावा, हरियालि गाउः सबैले घुम्नैपर्ने सुन्दर ठाउँ" भन्ने सोंचलाई साकार पार्न ल्वाङ्घे भत्कुले सामुदायिक वनको सहकार्यमा गाउँपालिकाको केन्द्रमा रहेको कमिरेचौर क्षेत्रमा हरयालि पार्क लगायत पर्यटकिय क्षेत्रको निर्माण तथा वृक्षारोपण अभियानका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

सरोकारवाला सवै पक्षको सहभागितामा स्थानीय विपद् जोखिम योजना तथा भु-उपयोग योजना निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

कोरोना माहामारी सहित विपद् व्यवस्थापन कोषका लागि रू. ३४ लाख १९ हजार विनियोजन गरेको छु ।

वातावरण तथा विपद् व्यवस्थापन तर्फ जम्मा रू. १ कारोड १४ लाख १९ हजार विनियोजन गरेको छु ।

निर्मित पूर्वाधारको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार कोषलाई रू. ४० लाख विनियोजन गरेको छु ।

## गणतन्त्रको आधारः स्थानीय सरकार

स्थानीय तहनै गणतन्त्रको आधारशिला भएकोले यसको समुचित विकासबाट लाभ लिन प्रशासकीय भवन, वडा कार्यालय भवनहरू, खेलकुद मैदान, उपकरण खरिद, अनुसन्धान तथा विकास, बहुउद्देश्यीय सभाहल, न्यायिक समिति संचालन तथा व्यवस्थापन, टोल विकास संस्था संचालन आदिका कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

बंगलाचुली गाउँपालिकाको आफ्नै स्वामित्वमा संचालित रेडियो बंगलाचुली तथा पत्रकारिता तालिमका लागि रू १६ लाख विनियोजन गरेको छु ।

रेडियो बंगलाचुली द्वारा संचालन हुने **जनतासँग जनप्रतिनिधी कार्यक्रम**, नेपाल टेलिभिजन कोहलपुरबाट संचालित **हाम्रो बंगलाचुली, राम्रो बंगलाचुली कार्यक्रम** संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु । नागरिकका अभिलेखलाई व्यवस्थित गर्न संचालित राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई निरन्तरता दिएको छु ।
लुम्बिनी प्रदेश सरकार तथा निजी क्षेत्रको सहकार्यमा दङ्गालीको सपनाको रूपमा रहेको दाङ्ग-स्वर्गद्वारी केबलकारको सम्भाव्यता अध्ययन तथा डि.पि.आर. निर्माण सुरूवातीका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

गाउँपालिकाको सेवा प्रवाहलाई जनमुखी, उत्तरदायी, क्षमता युक्त र उच्च मनोबल सहितको सार्बजनिक प्रशासनबाट संचालन गर्न पारीश्रमिकमा समायानुकुल वृद्धि गरी सबै कर्मचारीको लागि ७ दिनको तलबी पर्यटन काजको व्यवस्था मिलाएको छु । यसबाट सेवा प्रवाहमा प्रभावकारिता आउनुका साथै आन्तरिक पर्यटनलाई टेवा पुग्ने विश्वास लिएको छु ।

संस्थागत क्षमता विकास तथा सुशासन तर्फ जम्मा रू. १ करोड ३८ लाख ८१ हजार विनियोजन गरेको छु।

## अध्यक्ष महोदय,

उल्लेखित नीति, उद्धेश्य, प्राथमिकता र बजेटका आधारमा आ.ब. २०७८/०७९ को बजेट सारांश पेश गर्न गईरहेको छु । पुँजिगत तर्फ रू ३१ करोड ४५ लाख २२ हजार (५१ प्रतिशत) र चालु तर्फ शिक्षा र स्वास्थ्यको तलब भत्ता, कार्यक्रम, सामाजिक सुरक्षा रकम रू ५ करोड सहित २९ करोड ८२ लाख ४४ हजार (४९ प्रतिशत) गरी कुल जम्मा ६१ करोड २७ लाख ६६ हजार बजेट पेश गरेको छु । तलब भत्ता, कार्यालय संचालन तथा व्यबस्थापन लगायतका प्रशासनिक खर्च तर्फ रू ७ करोड कुल व्यय अनुमानको ११ प्रतिशत मात्र खर्च अनुमान गरेको छु ।

प्रस्तुत बजेट मध्ये नेपाल सरकारको अनुदानबाट रू ४२ करोड १६ लाख, संघीय राजश्व बाँडफाँडबाट रू ८ करोड ६२ लाख, प्रदेश सरकारको अनुदान बाट रू. ३ करोड ४२ लाख ३५ हजार, प्रदेश राजश्व बाँडफाँडबाट रू ७३ लाख ३1 हजार र आन्तरिक राजश्व बाट रू २ करोड ३२ लाख गत वर्षको मौज्दात १ करोड ५० लाख आय अनुमान गरेको छु ।

कार्यक्रम तथा बजेट यहाँहरू सामु बितरित अनुसूचीमा समावेश गरेको छु ।

**अध्यक्ष महोदय,**

सभाका सदस्य ज्यूहरू, सचिव लगायतका राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी एवं समस्त बंगलाचुलीबासी महानुभावहरू,

बजेट निर्माण कार्यमा अहोरात्र खटिई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा रचनात्मक सल्लाह, सुझाव एवं प्रतिक्रिया दिई सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु ।

बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरूको सक्रीय सहभागिता भई **"शिक्षा, स्वास्थ्य र सुरक्षित आवासमा लगानी, संमृद्ध बंगलाचुलीको विहानी"** भन्ने मूल नारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझाव एवं साथ प्राप्त हुने कुरामा विश्वास लिएको छु ।

धन्यवाद !

प्रस्तुतकर्ता
यमूना थापा मगर
उपाध्यक्ष
बंगलाचुली गाउँपालिका
बंगलाचुली, दाङ

सम्वत् २०७८ साल असार ९ गते रोज ४ शुभम्